त्रिभुवन विश्वविद्यालय
Tribhuvan University
इन्जिनियरिङ्ग अध्ययन संस्थान
Institute of Engineering
चितवन इन्जिनियरिङ्ग क्याम्पस
CHITWAN ENGINEERING CAMPUS

पत्र संख्या : 09/066/069
Ref. No.:

मिति : २०७८।११।२५

# इ.अ.सं. चितवन इन्जिनियरिङ्ग क्याम्पस, रामपुरको भर्ना सम्बन्धी सूचना – २०७८

त्रिभुवन विश्वविद्यालय इन्जिनियरिङ्ग अध्ययन संस्थान अन्तर्गत आंगिक क्याम्पस चितवन इन्जिनियरिङ्ग क्याम्पस, रामपुर, चितवन मा शैक्षिक सत्र २०७८/०७९ मा स्नातक तह आर्किटेक्चर कार्यक्रममा नियमित तर्फ ६ (छ) र पूर्णशुल्किय तर्फ १८ (अठार) गरी जम्मा २४ (चौविस) सिट संख्यामा भर्ना खोलिएको हुँदा उक्त विषय पढ्न ईच्छुक इ.अ.सं. को प्रवेश परीक्षा २०७८ मा उतिर्ण भएका आवेदकहरु मध्येवाट २०७८/११/२५ गते बिहान १०:०० बजेदेखि २०७८/११/२९ गते साँझ ०५:०० बजेभित्र आवेदन दिन यो सूचना प्रकाशित गरिएको छ ।

उक्त आवेदन Portal: **www.ioecc.edu.np** बाट भर्न सकिनेछ साथै आवेदकहरुले आवेदन बापतको शुल्क दाखिला गर्दा बैंक भौचरमा **नाम, Entrance Roll No.** र **Rank** अनिवार्य रुपमा उल्लेख गरी भरिएको हुनुपर्नेछ । उक्त बैंक भौचरको scan copy क्याम्पसको Email ID : **admission@ioecc.edu.np** मा अनिवार्य रुपमा पठाउनुपर्नेछ ।

जानकारी पुस्तिकामा उल्लेख भएका **शिक्षक/कर्मचारी कोटाहरुमा** भर्ना हुँन ईच्छुक आवेदकहरुको हकमा आवश्यक सक्कल कागजातहरु वा प्रतिलिपी नोटरी गराई २०७८/११/२९ गते साँझ ०५:०० बजेभित्र क्याम्पस भर्ना समितिमा बुझाइसक्नुपर्नेछ अन्यथा आवेदकहरुलाई भर्ना प्रकृयामा समावेश गरिने छैन ।

भर्ना सूची प्रकाशन हुँदा आवेदकले ईच्छाएको प्राथमिकताको आधारमा मात्र नाम प्रकाशित हुने हुँदा प्रकाशित भर्ना कार्यक्रमको तालिका भित्र नाम प्रकाशित भएर पनि **भर्ना नभएको खण्डमा** अन्य सूचीमा जान पाइने छैन । अन्य व्यवस्था इ.अ.सं. स्नातक बी.इ./ बी.आर्क तहको प्रवेश परीक्षा तथा क्याम्पस भर्ना सम्वन्धी जानकारी तथा निर्देशिका २०७८ र इ.अ.सं. केन्द्रिय भर्ना अनुगमन समिति २०७८ भर्ना सञ्चालन कार्यविधि बमोजिम हुनेछ ।

आवेदन बापतको शुल्क निम्न अनुसार हुनेछ :

| विवरण | रकम |
|---|---|
| कुनै एक प्राथमिकताको लागि | रु. ४००।– (अक्षरुपी चार सय मात्र) |
| थप प्राथमिकताको लागि | रु. ३००।– (अक्षरुपी तीन सय मात्र) |
| झुकाव परीक्षाको लागि | रु. ३००।– (अक्षरुपी तीन सय मात्र) |

खातावालाको नाम : चितवन इन्जिनियरिङ्ग क्याम्पस, रामपुर, चितवन

बैंकको नाम : नेपाल बैंक लिमिटेड, रामपुर शाखा, चितवन

बैंक खाता नं. : ०८५००१०६७२३२८००००००४

सदस्य
भर्ना समिति – २०७८
चितवन इन्जिनियरिङ्ग क्याम्पस, रामपुर

त्रिभुवन विश्वविद्यालय
इन्जिनियरिङ्ग अध्ययन संस्थान

## चितवन इन्जिनियरिङ्ग क्याम्पस, रामपुर

## भर्ना सूची : कार्यक्रम तथा समय तालिका

मिति : २०७८।११।२५

| सि.नं. | कार्यक्रम | मिति र समय |
|---|---|---|
| | **प्रथम भर्ना सूची : कार्यक्रम र समय तालिका** | |
| १ | प्रथम दोस्रो तथा तेस्रो भर्ना सूची (First, Second & Third Admission List) सम्मको आवेदन यस क्याम्पसको Portal : **www.ioecc.edu.np** बाट भर्ने र आवेदन दस्तुर बुझाएको बैंक भौचर क्याम्पसको Email : **admission@ioecc.edu.np** मा अनिवार्य पठाउने । | २०७८/११/२५ गते बिहान १०:०० बजेदेखि २०७८/११/२९ गते साँझ ०५:०० बजेसम्म । |
| २ | आवेदकहरुको नामावली प्रकाशन गर्ने | २०७८/११/३० गते बिहान १०:०० बजेसम्म । |
| ३ | आवेदकले प्राथामिकता थपघट वा संसोधन गर्ने | २०७८/११/३० गते बिहान १०:०० बजेदेखि २०७८/१२/०१ गते साँझ ०५:०० बजेसम्म । |
| ४ | आवेदकको अन्तिम नामावली प्रकाशन गर्ने | २०७८/१२/०२ गते बिहान १०:०० बजेसम्म । |
| ५ | बी.आर्क झुकाव परीक्षा लिने | २०७८/१२/०४ गते बिहान १०:३० बजेदेखि |
| ६ | बी.आर्क झुकाव परीक्षा नतिजा प्रकाशन गर्ने | २०७८/१२/०४ गते साँझ ०६:०० बजेसम्म । |
| ७ | आवेदन सूची सहित प्रथम भर्ना सूची प्रकाशन | २०७८/१२/०५ गते बिहान १०:०० बजेसम्म । |
| ८ | प्रथम भर्ना सूची उपर दाबि विरोध गर्ने | २०७८/१२/०५ गते बिहान ११:०० बजेदेखि दिउँसो ०२:०० बजेसम्म । |
| ९ | दाबि विरोध पश्चातको संसोधित भर्ना सूची | २०७८/१२/०५ गते साँझ ०६:०० बजेसम्म । |
| १० | प्रथम सूचीवाट विद्यार्थी भर्ना गर्ने | २०७८/१२/०६ गते बिहान ११:०० बजेदेखि २०७८/१२/१० गते दिउँसो ०३:०० बजेसम्म । |
| | **दोस्रो भर्ना सूची : कार्यक्रम र समय तालिका** | |
| ११ | दोस्रो भर्ना सूची प्रकाशन गर्ने । | २०७८/१२/१२ गते बिहान १०:०० बजेसम्म । |
| १२ | दोस्रो भर्ना सूची उपर दाबि विरोध गर्ने । | २०७८/१२/१२ गते बिहान ११:०० बजेदेखि दिउँसो ०२:०० बजेसम्म । |
| १३ | दाबि विरोध पश्चातको संसोधित दोस्रो भर्ना सूची प्रकाशन गर्ने । | २०७८/१२/१२ गते साँझ ०५:०० बजेसम्म । |
| १४ | दोस्रो भर्ना सूचीबाट विद्यार्थी भर्ना गर्ने । | २०७८/१२/१३ गते बिहान ११:०० बजेदेखि २०७८/१२/१४ गते दिउँसो ०३:०० बजेसम्म । |
| | **तेस्रो भर्ना सूची : कार्यक्रम र समय तालिका** | |
| १५ | तेस्रो भर्ना सूची प्रकाशन गर्ने । | २०७८/१२/१६ गते बिहान १०:०० बजेसम्म । |
| १६ | तेस्रो भर्ना सूची उपर दाबि विरोध गर्ने । | २०७८/१२/१६ गते बिहान ११:०० बजेदेखि दिउँसो ०२:०० बजेसम्म । |
| १७ | दावि विरोध पश्चातको संसोधित तेस्रो भर्ना सूची प्रकाशन गर्ने । | २०७८/१२/१६ गते साँझ ०५:०० बजेसम्म । |
| १८ | तेस्रो भर्ना सूचीबाट विद्यार्थी भर्ना गर्ने । | २०७८/१२/१७ गते बिहान ११:०० बजेदेखि २०७८/१२/१८ गते दिउँसो ०३:०० बजेसम्म । |

**द्रष्टव्य** : तेस्रो भर्ना पश्चात स्थान रिक्त रहन गएमा रिक्त स्थानको सूचना पछि प्रकाशित गरी पून : आवेदनद्धारा भर्ना लक्ष्य पुरा गरिनेछ । साथै उपरोक्त दिनहरुमा सार्वजनिक बिदा वा आकस्मिक बिदा परेमा समेत सम्पुर्ण भर्ना कार्यक्रम यथावत सञ्चालन हुने व्यहोरा जानकारी गराइन्छ र शैक्षिक सत्र २०७८/०७९ स्नातक (बी.आर्क) कार्यक्रममा भर्ना हुनको लागि इ.अ.सं. का जुनसुकै आंगिक क्याम्पसहरुबाट झुकाव परीक्षा उत्तिर्ण भएको आवेदकहरुलाई यस क्याम्पसमा भर्ना हुन योग्य मानिनेछ ।